प्रतिदिन १७औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY

**धर्म, संस्कृति र परम्परालाई सम्मान गरौं ।**


चाडपर्व मनाउँदा अनावश्यक तडकभडक नगरौं,
- मौलिक संस्कार र संस्कृति झल्कने गरी चाडपर्व मनाऔं,
- चाडपर्व सभ्य, शिष्ट र मर्यादित रुपमा मनाऔं,
- धार्मिक, सांस्कृतिक संस्कारलाई निरन्तरता दिऔं,
- असल आचरण र सामाजिक सद्भाव प्रवर्द्धन गरौ,
- एक अर्काको चाडपर्वप्रति सम्मान गरौं,
- अरुलाई नकरात्मक असर पार्ने गतिविधि नगरौं।
- सामाजिक सद्भाव र सहिष्णुता कायम गरौं ।

विज्ञापन बोर्ड

वर्ष-१७ ।। अङ्क : २४० ॥ २०८२ कातिक १० गते सोमबार (27th Oct 2025 Monday) Pratidin National Daily मूल्य-रु.५/-

# प्रहरीसंगको मिलेमतोमा झापा गाउँपालिकामा खुलेआम तस्करी

कुमरखोद(प्रस) । प्रहरीसंगको मिलेमतोमा दक्षिणी सीमावर्ती क्षेत्र झापा गाउँपालिकामा खुलेआम तस्करी हुन थालेको छ । तस्करहरुले प्रहरीसंगको सेटिङमा दिनदहाडै निर्वाधरुपमा तस्करीलाई तीब्रता दिएका छन् । आइतवार प्रहरीकै संरक्षणमा तस्करहरुले एक गाडी माछा भारतबाट नेपाल भित्र् याएका छन् । भारतबाट प्रतिबन्धित माछा लिएर आएको गाडीलाई स्थानीयले रोक्न खोज्दा प्रहरीले नै संरक्षण गरी भगाएको हो । झापा गाउँपालिका वडा नं २ नरिवलटोलाका युवाहरुले तस्करीको गाडीलाई रोक्न खोज्दा तस्करलाई जोगाउँदै प्रहरीले नै विवाद गरेको थियो । छठ पर्वको अवसरमा हुलाकी सडकअन्तर्गत पर्ने सानोमाई खोलाको किनारमा धार्मिक मेला लगाएका झापाली युवा क्लवका युवाहरुले आइतवार दिउँसो १ बजे हुलाकी सडक हुँदै पश्चिमवाट पूर्वतर्फ जाँदै गरेको प्र.१-०१-००२च०६५२ नं को महेन्द्रा कम्पनीको पिकअप भेनलाई रोकेका थिए । नेपालमा विक्री गर्न प्रतिवन्धित माछाको काटुन लोड गरिएको गाडी रोकेर उनीहरुले चावी खोसेका थिए । माछाको काटुनले भरिभराउ गाडीलाई चेक गर्न खोज्दा इलाका प्रहरी कार्यालय कुमरखोदका घुमुवा प्रहरी सहायक हवल्दार विकास घिमिरेले चेकजाँच गर्न नदिइ उल्टै




कानुन हातमा नलिन भन्दै धम्क्याएको स्थानीय रवि मुखियाले वताए । स्थानीय प्रत्यक्षदर्शी सहदेवकुमार मण्डलका अनुसार उक्त माछा सुरक्षाको लागि सशस्त्र वेश क्याम्प लाने भन्दै सहायक हवल्दार घिमिरेले गाडीको चावी चालकलाई दिएर पठाएका थिए । तर, सो गाडी सशस्त्र वेश क्याम्प नलगी भगाइएको हो । उक्त गाडी वेश क्याम्पमा नपठाएर प्रहरीले नै तस्करलाई सहयोग गरेर भगाएको अर्का प्रत्यक्षदर्शी राजु महतोले बताए ।

प्रहरी सहायक हवल्दार घिमिरेले भने आफूले झगडा छुट्याउँदै गर्दा सो गाडी कता भागेको थाहा नभएको भन्दै गैरजिम्मेवार अभिव्यक्ति दिएका छन् । यसैगरी टाँघनडुब्बाका सशस्त्र प्रहरीका विओपी प्रमुख प्रेम गुरुङले आफू केही दिनअगाडी मात्रै सरुवा भएर आएकोले यहाँको वारेमा केही पनि जानकारी नभएको प्रतिक्रिया दिएका छन् ।
खुल्ला सिमानाका कारण झापा गाउँपालिकामा तस्करले दिनदहाडै तस्करी गर्दै आएका छन् । गाईगोरु , वाख्रा , माछा , हार्डवेयरका सामान, किरानाका सामानहरु खुलेआम तस्करी हुँदै आएको छ ।

## बालिका र किशोरी हराउने क्रम बढ्यो

# एक सातामा ९ जना वेपत्ता

झापा(प्रस) । शनिवार झापामा तीन किशोरी र एक महिलासहित चारजना बेपत्ता भएको प्रहरीमा निवेदन पर्‍यो । त्यसमध्ये दुईजना भेटिए भने दुईजना अहिलेसम्म सम्पर्कविहीन नै छन् ।

शुक्रवार बिहान ६ बजे मेचीनगर ४ आमडाँगी पशुपती टोल बस्ने जगन्नाथ गिरीकी छोरी १७ वर्षीया मनिका गिरी कोही कसैलाई नसोधी आफूखुसी घरबाट हिडेकी हुन् । उनी हालसम्म बेपत्ता भएपछि उनका बुवा जगन्नाथ गिरीले




शनिवार प्रहरी चौकी बाहुनडाँगीमा हुलियासहितको निवेदन दिएका छन् ।

त्यस्तै शुक्रवार दिउँसो १ बजे शिवसताक्षी नगरपालिका वडा नं.८ ढुङ्गेल चौक बस्ने कृष्णप्रसाद भण्डारीकी छोरी १६ वर्षीया दिक्षा भण्डारी घरमा कोही कसैलाई केही नभनी सम्पर्कबिहीन भएकी थिइन् । छरछिमेक तथा आफन्तसमेतमा खोजतलास गर्दा फेला नपरेपछि उनका बुवा कृष्णप्रसाद भण्डारीले शनिवार इप्रका झिलझिलेमा हुलियासहितको निवेदन दिएका थिए । उनी शनिवार राति भेटिएको प्रहरीले जनाएको छ ।

त्यस्तै शनिवार दिउँसो ३:३० बजे बुद्धशान्ति वडा नं. ३बुधबारे बजार बस्ने शिबजी गुप्ताकी छोरी १३वर्षीया सन्ध्या गुप्ता साथीको घर जान्छु भनी हिडेकोमा सम्पर्कमा नआई बेपत्ता भएकी थिइन् । आफन्त तथा छरछिमेकमा समेत खोजतलास गर्दा फेला नपरेपछि प्रहरीमा निवेदन दिइएको थियो । खोजतलास गर्ने क्रममा शनिवार राति १०.३०बजे मेचीनगर -६ मेचीडाँडा बस्ने २३ वर्षीय रबिन मगरको घरमा बसिरहेको अवस्थामा ती बालिकालाई फेला पारिएको छ । बालिकालाई उनका बुबाले बुझी लगेका छन् भने मगरलाई इलाका प्रहरी कार्यालय काँकडभिट्टाले नियन्त्रणमा लिएको छ ।

त्यस्तै शनिवार बाह्रदशी -५बस्ने प्रकाश राजवंशीकी श्रीमती बर्ष अन्दाजी २७की गीता राजवंशी घरमा कोही कसैलाई जानकारी नगराई आफूखुशी घरबाट हिडेर बेपत्ता भएकी छन् । जानसक्ने सम्भावित ठाउँमा खोजतलास गर्दासमेत फेला नपरेपछि उनका भाइ अर्जुन राईले इलाका प्रहरी कार्यालय घैलाडुब्बामा जानकारी गराएका छन् । उनको खोजतलास भइरहेको छ । गीताका श्रीमान प्रकाश बिदेशमा रहेका छन् ।

कात्तिक १ देखि ८ गतेसम्म झापा प्रहरीले १७ जना हराएको हुलियासहितको परिपत्र मातहतका युनिटहरुलाई जारी गरेको छ । हराउनेमा १२ जना बालिका र किशोरी रहेका छन् । त्यस्तै दुई बालक, दुई पुरुष र एक महिला पनि हराएका छन् । हराएकामध्ये तीन बालिका (किशोरीसमेत) र एक पुरुष बाहिर जिल्लाका हुन् । त्यसमध्ये तीन जना भेटिएको प्रहरीले जनाएको छ ।

# छठ पूजामा संयुक्त सुरक्षा फौज परिचालन गरिने

झापा(प्रस) । छठ पूजामा सुरक्षा संवेदनशीलतालाई मध्यनजर गरी झापामा नेपाली सेनासहितको सुरक्षा फौज परिचालन गरिने भएको छ ।



विगत एक सातादेखि जिल्लाका मुख्य बजारहरुमा परिचालित संयुक्त सुरक्षा गस्तीलाई छठ पूजामा केन्द्रिकृत गरिने भएको हो । झापाका मुख्य बजारहरुमा कात्तिक ३ गतेदेखि नेपाली सेना , सशस्त्र प्रहरी र जनपद प्रहरीले संयुक्तरुपमा गस्ती गर्दै आएका छन् ।
दिन र रात गरी झापामा १२ सिफ्टमा नेपाली सेनाका १५० जना फौजले गस्ती गर्दै आएको श्री अरिदमन गण चारआलीले जनाएको छ । छठ पूजामा मानिसको बढी भीडभाड हुँदा विभिन्न आपराधिक क्रियाकलाप हुन सक्ने भएकाले सेनाको गस्ती टोलीलाई त्यसतर्फ परिचालन गरिने गणले जनाएको छ । गस्तीमा खटिएका सेनाका फौजले जुवातास खेल्ने , पटाका पड्काउने जस्ता गतिविधि नियन्त्रणमा सहयोग गर्दै आएका छन् ।
त्यस्तै छठ पूजाको दिन जिल्लाभरि ७ सयभन्दा बढी नेपाल प्रहरी परिचालन गरिने जिल्ला प्रहरी कार्यालयले जनाएको छ । बढी भीडभाड हुने भद्रपुरको मेची , कन्काईको बिरिङ, बिर्तामोडको अन्धुवा , दमकको रतुवालगायतका ठाउँमा ठूलो संख्यामा सुरक्षाकर्मी परिचालन गरिने जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी खगेन्द्रबहादुर खड्काले बताए ।

त्यस्तै आबश्यकता अनुसार सशस्त्र प्रहरी पनि परिचालन हुने भएको छ । प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहेको जिल्ला सुरक्षा समितिको निर्देशन बमोजिम छठ पूजामा सुरक्षाकर्मीहरु खटिने जनाइएको छ । झापाको करिव दुई दर्जन ठाउँमा छठ पूजा हुने भएको छ ।

# मेची किनारमा छठ पूजाको तयारी तीव्र

- **द्रोण अधिकारी**

भद्रपुर । कोशी प्रदेशको सर्वाधिक जनसहभागिता रहने छठ पूजास्थलको पहिचान बनाएको भद्रपुरस्थित मेची नदीमा भव्य रूपमा छठ पूजा सम्पन्न गर्नका लागि तयारी तीव्र गतिमा अगाडि




बढाइएको छ ।
तराईबासीको महत्वपूर्ण पर्व मानिएपनि भद्रपुरको मेची किनारमा हिमाली, पहाडी, मारवाडी, बंगाली लगायत यहाँ रहेका सवै जातजातिको साझा प्रतिनिधित्व हुने गरी समावेशी रूपमा छठ पूजा गर्ने गरिएको छ ।
नेपाल-भारतको सिमावर्ती क्षेत्रमा पर्ने झापा सदरमुकाम भद्रपुरस्थित मेची नदीमा मनाउँदै आएको छठ पर्वमा ३ हजार बढी पूजास्थल निर्माण गरी करिब ३ किलोमिटर क्षेत्रमा नदीको वारिपारी दुवैपट्टि पूजा गर्ने गरी व्यवस्थापनमा

❖ बाँकी तेस्रो पृष्ठमा

# मोडिफाई गरेको मोटरसाइकल कुदाएर प्रहरीसंग विवाद गर्ने दुई पक्राउ

झापा(प्रस) । मोडिफाई गरेको मोटरसाइकल कुदाएर प्रहरीसंग विवाद गर्ने दुईजना दमकमा पक्राउ परेका छन् । शनिवार राति १२.३० बजे
दमक वडा न. ६ थानारोडमा मोडिफाई गरेको मोटरसाइकल कुदाइरहेको अबस्थामा इलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरी सहायक निरीक्षक श्यामकृष्ण यादव नेतृत्वको प्रहरी टोलीले रोकेर सोधपुछ गर्दा प्रहरीसँग विवाद



गरेका थिए । ती मोटरसाइकल चालकहरुले झन्डै प्रहरीलाई नै ठोक्काएका थिए । त्यसरी कुदाउने बा.प्र ०२-०३५ प १६९० न.को. मोटरसाइकल चालक इलाम चुलाचुली वडा नं. १ बस्ने ४० वर्षीय भिमबहादुर फागो र मे ७ प ६८१४ न. को मोटरसाइकल चालक सोही ठाउँ बस्ने २६ वर्षीय सागर शेर्पालाई नियन्त्रणमा लिइएको हो । उनीहरुलाई दुईवटा मोटरसाइकलसहित नियन्त्रणमा लिई इप्रका दमकमा राखिएको छ ।

# नवनियुक्त दुई मन्त्रीले लिए शपथ

झापा(प्रस)।नवनियुक्त दुई मन्त्रीले शपथ लिएका छन्। आइतबार राष्ट्रपति रामचन्द्र पौडेलले शीतल निवासमा दुई मन्त्रीलाई पद तथा गोपनीयताको शपथ गराएका हुन्।

शपथ लिनेमा सुधा शर्मा गौतम र बब्लु गुप्ता रहेका छन्। यसअघि प्रधानमन्त्री सुशीला कार्कीको सिफारिसमा राष्ट्रपति पौडेलले शर्मालाई स्वास्थ्य तथा जनसंख्या र गुप्तालाई युवा तथा खेलकुद मन्त्रीमा नियुक्त गरेका थिए।

यस्तै मन्त्रीमा सिफारिस भएकामध्ये खगेन्द्र सुनार र गणपतिलाल श्रेष्ठको विवाद भएपछि शपथ रोकिएको छ।



# लुटिएका ५ सय ५६ थान हतियार फिर्ता भएन

झापा । २४ भदौको हिंसात्मक प्रदर्शनका क्रममा लुटिएका ५ सय ५६ थान हतियार अझै फेला परेका छैनन् ।

नेपाल प्रहरीका विभिन्न ब्यारेक तथा कार्यालयमा तोडफोड र आगजनीपछि १२ सय ७६ थान घातक हतियार लुटिएका थिए । त्यसमध्ये ७ सय २० थान मात्रै नेपाल प्रहरी, नेपाली सेना र सशस्त्र प्रहरीले फिर्ता ल्याएको छ । अझै ५ सय ५६ थान हतियार फिर्ता आउन बाँकी रहेको प्रहरी प्रधान कार्यलयले जनाएको छ ।

प्रहरीका अनुसार इन्सास र एसएलआरसहित २ सय ८५ नाल



ठूला पेस्तोललगायत २ सय ७१ नाल साना हतियार अझै नियन्त्रणमा आएका छैनन् । यसले शान्ति सुरक्षामा समेत चुनौती थपिएको प्रहरी अधिकारीहरुले बताउँदै आएका छन् ।

२४ भदौमा २८ कारागार र बालसुधार गृह तथा अनुसन्धानका क्रममा प्रहरी हिरासतमा रहेका सहित कुल १४ हजार ४३ जना कैदीबन्दी र थुनुवा भागेका थिए । तीमध्ये अझै करिब ५ हजार कैदीबन्दी र थुनुवा पक्राउ परेका छैनन् ।

२३ गते सुरु भएको जेनजी आन्दोलन र २४ गतेको प्रदर्शनपछि पनि आ-आफ्ना माग राखेर विभिन्न समूह आन्दोलन र प्रदर्शनमा उत्रिएका छन् । यस्ता समूहका आन्दोलनमा समेत भागेका कैदीबन्दी र थुनुवा तथा लुटिएका हतियार प्रमुख चुनौतीका रुपमा रहने ब्रिफिङ सुरक्षा निकायहरुले सरकारलाई गराइसकेका छन् ।

जेन-जी आन्दोलनपछि उत्पन्न परिस्थितिका बीच २४ भदौमा 'आपराधिक गतिविधि' मा संलग्न रहेको आरोपमा प्रहरीले देशभरबाट २ सय ३७ जनालाई पक्राउ गरेको छ । केन्द्रीय प्रहरी प्रवक्ता डीआईजी विनोद घिमिरेका अनुसार, कोशीबाहेक सबै प्रदेशबाट प्रहरीको हातहतियार, व्यक्तिगत सम्पत्ति लुटपाट, आपराधिक उपद्रव र अभद्र व्यवहारको कसुरमा उनीहरू पक्राउ परेका हुन् । 'जेन-जी आन्दोलनपछि उत्पन्न परिस्थितिमा आपराधिक गतिविधिमा संलग्न आरोपितहरू प्रहरी हिरासतमा छन्, कतिपय हाजिर जमानतमा छुटेको अवस्था पनि छ,' उनले भने, 'कसुरअनुसार मुद्दा दर्ता पनि भइरहेका छन् ।'

# प्रहरी र सशस्त्रका करिब ६ सय सवारीसाधनमा क्षति

झापा(प्रस) । सरकारले तीनवटै सुरक्षा निकायका लागि साढे दुई सय सवारीसाधन खरिद गर्न स्वीकृति दिएको छ । अर्थ मन्त्रालयले नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभागलाई २ सय ५१ वटा चारपांग्रे सवारी खरिद गर्न सवा अर्ब रुपैयाँको स्रोत सुनिश्चित गरेको हो ।

गृह मन्त्रालयले प्रहरीका लागि १ सय ७५, सशस्त्रलाई ७० र विभागलाई ६ वटा सवारी किन्न अर्थबाट बजेटको स्रोत सुनिश्चित भएर आएको जनाएको छ । यसका लागि प्रहरीलाई ८० करोड, सशस्त्रलाई ४४ करोड र विभागलाई ३ करोड रुपैयाँको बजेट सुनिश्चित गरिएको हो ।



यसमध्ये प्रहरीको ३५ करोड र सशस्त्रको २१ करोड रुपैयाँ चालु आवका लागि विनियोजन गरिएको बजेटभित्रैबाट खरिद गर्ने गरी व्यवस्थापन गरिएको हो । दुवै प्रहरीलाई थप ४८ करोड भने भैपरी शीर्षकबाट बजेट व्यवस्थापन गरिएको छ । स्रोत सुनिश्चित गरिएको बजेटबाट सवारीसाधन खरिद प्रक्रिया छिट्टै अघि बढाइने दुवै सुरक्षा निकायका अधिकारीहरूले जानकारी दिए ।

२४ भदौको प्रदर्शनमा प्रहरीका ५ सय २५ र सशस्त्रका ६२ सवारीसाधनमा तोडफोड र आगजनी भएको थियो । त्यसपछि तीनवटै सुरक्षा संयन्त्रले गृहमार्फत भौतिक संरचना व्यवस्थापनका लागि आवश्यक बजेट जोहो गरिदिन आग्रह गर्दै अर्थ मन्त्रालयमा पत्र पठाएका थिए । क्षति पुगेका सवारीसाधनबारे प्रारम्भिक अध्ययनपछि हाललाई सवा अर्ब रुपैयाँ बराबरका सवारीसाधन खरिद गर्न बजेट व्यवस्थापन गरिएको अर्थ मन्त्रालयले जनाएको छ ।

२४ भदौमा तोडफोड र आगजनीमा प्रहरीका मात्रै ४ सय ५५ ब्यारेक तथा कार्यालयमा क्षति पुऱ्याइएको थियो । यसमध्ये २ सय ५८ ब्यारेक/कार्यालयमा पूर्ण र १ सय ९७ मा आंशिक क्षति पुगेको थियो । त्यसपछिको विषम परिस्थितिमा पनि समुदायसँगको सहकार्यमा ४ सय १ कार्यालयलाई अस्थायी मर्मत र रङरोगन गरी प्रहरी नियमित काममा फर्केका थिए ।

जलेर ध्वस्त भएका भवनहरूको क्षति मूल्यांकन भइनसकेको, सञ्चार उपकरण भइरहेकाबाटै काम चलाइएको र सवारीसाधनको हकमा माग भएभन्दा निकै कम मात्रामा खरिद गर्न बजेट सुनिश्चित भएर आएको प्रहरी प्रधान कार्यालयले जनाएको छ । तोडफोड तथा आगजनी भएपछि अस्थायी व्यवस्थापन गरेर काठमाडौं उपत्यका प्रहरी कार्यालय, काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयसहित देशभर क्षति पुगेका युनिटलाई अस्थायी व्यवस्थापन गरी सुचारु गरिएको थियो । आंशिक क्षति पुगेका कार्यालयहरू भने रङरोगन र र मर्मत गरी पुरानै ठाउँबाट काम सुचारु गरिएकामा सवारीसाधनको भने अभाव देखिएको थियो ।

प्रदर्शनको मौका छोपेर २८ कारागार र बाल सुधारगृहबाट १४ हजार बढी कैदीबन्दीहरू जेल तोडेर भागेका थिए । प्रहरीका मात्रै १ हजार २ सय ७६ नाल हतियार र करिब १ लाख राउन्ड गोली लुटपाट र गायब पारिएका थिए । ब्यारेक मात्र होइन, सुरक्षा निकायका पोसाक र सञ्चार उपकरणहरू पनि लुटपाट भएका थिए ।

प्रहरी प्रधान कार्यालयका अनुसार जेल र प्रहरी हिरासत कक्षबाट भागेका करीब ५ हजार कैदीबन्दी र थुनुवा अहिले पनि बाहिरै छन् । लुटिएकामध्ये २ सय ५८ नाल इन्सास र एसएलआर तथा २ सय ७१ नाल साना हतियार नियन्त्रणमा आउन सकेका छैनन् । जेन-जी प्रदर्शनको भोलिपल्ट ३ प्रहरीको हत्यासहित सरकारी, सार्वजनिक र निजी तथा औद्योगिक प्रतिष्ठान/कार्यालयमा तोडफोड र आगजनीमा संलग्नमध्ये २ सय ३७ जना पक्राउ परिसकेका छन् । अपराधमा संलग्न पहिचान भएका अरूको खोजी कार्य जारी रहेको प्रहरीले जनाएको छ ।

# नेपाल अमेरिकासँग पराजित

झापा । आईसीसी विश्वकप लिग २ को १५ औं चरणअन्तर्गतको पहिलो खेलमा नेपाल अमेरिकासँग १०६ रनले पराजित भएको छ। अमेरिकाले दिएको २६३ रनको लक्ष्य पछाएको नेपाल ३९.१ ओभरमा १५६ रन बनाउँदै अलआउट भएको हो।

अमेरिकाले दिएको २६३ रनको विजय लक्ष्य पछाएको नेपालका लागि दीपेन्द्र सिंह ऐरीले सर्वाधिक ४० रन बनाए। ओपनर आसिफ शेखले ३७, भीम सार्कीले २९ रन बनाउँदा आरिफ शेखले २० रन बनाए। सोमपाल कामीले ११ रन बनाउँदा अन्य कुनै पनि ब्याटरले दोहोरो अङ्कको रन जोड्न सकेनन्। अमेरिकाको लागि बलिङतर्फ हर्मित सिंहले सर्वाधिक ६ विकेट लिए । उनले



८.१ ओभरमा एक मेडनसहित जम्मा २७ रन खर्चिए। शुभम रन्जानेले २ विकेट लिँदा रुसिल उगारकरले १ विकेट लिए।

दुबई अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा टस हारेर ब्याटिङको निम्तो पाएको अमेरिकाले निर्धारित ५० ओभरमा ६ विकेट गुमाउँदै २६२ रन बनायो। अमेरिकाका लागि ओपनर स्मिथ पटेलले सर्वाधिक ७५ रन बनाए। तेस्रो विकेटका लागि स्मिथ र मुक्काकल्लाले ९५ रनको साझेदारी गरेका थिए। ४८ मा २ विकेट गुमाएको अमेरिकाले १४३ मा तेस्रो विकेट गुमायो। एन्ड्रिज गोउसले ११, कप्तान मोनाक पटेलले १० रन बनाउँदा सइतेजा मुक्कामल्लाले ४२ रन बनाए।

मिलिन्द कुमारले ७० रनको अविजित अर्धशतकीय पारी खेले। हर्मप्रित सिंह १६ रनमा अविजित रहे।

नेपालका लागि सन्दीप लामिछानेले सर्वाधिक २ विकेट लिए। सोमपाल कामी, आरिफ शेख र दिपेन्द्र सिंह ऐरी १-१ विकेट लिए।

# ३१ प्रजिअको सरुवा

## झापाका अधिकारी काभ्रपलाञ्चोक जाँदै , गेलाल आउँद

झापा(प्रस) । गृह मन्त्रालयले आइतबार विभिन्न जिल्लाका प्रमुख जिल्ला अधिकारी तथा सहसचिवहरुको सरुवा गरेको छ ।

मन्त्रालयको आइतबारको निर्णयानुसार सहसचिव र प्रजिअ गरी ३६ कर्मचारीको सरुवा तथा पदस्थापन गरिएको हो । मन्त्रालयले आइतबार साँझ जारी गरेको सूचनामा कुल ३१ प्रमुख जिल्ला अधिकारी, एक प्रमुख अध्यागमन अधिकृत, दुई सहसचिव र दुई महानिर्देशकको सरुवा तथा पदस्थापन गरिएको जनाएको छ ।

गौतबुद्ध अन्तरराष्ट्रिय विमानस्थलका प्रमुख अध्यागमन अधिकृत खिमबादुर रायमाझीलाई जुम्लाको प्रमुख जिल्ला अधिकारी बनाइएको छ । जुम्लाका प्रजिअ केदारनाथ शर्मालाई गौतबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको प्रमुख





अध्यागमन अधिकृत बनाइएको छ । गृह मन्त्रालयका सहसचिव वासुदेव घिमिरेलाई झापाको प्रजिअमा सरुवा गरिएको छ भने झापाका प्रजिअ गोपालकुमार अधिकारीलाई काभ्रेपलाञ्चोकको प्रजिअमा सरुवा गरिएको छ ।

यस्तै गृहका सहसचिव गोगनबहादुर हमाललाई बर्दियाको प्रजिअमा पदस्थापन गरिएको छ भने बर्दियाका प्रजिअ सुरेन्द्र पौडेललाई सिरहामा सरुवा गरिएको छ । यस्तै राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका महानिर्देशक युवराज कट्टेललाई मोरङको प्रजिअमा सरुवा गरिएको छ भने मोरङका प्रजिअ इन्द्रदेव यादवलाई महोत्तरी पठाइएको छ ।

गृहको कसुरजन्य सम्पत्ति व्यवस्थापन विभागका महानिर्देशक प्रेमप्रसाद भट्टराईलाई ललितपुरको प्रजिअमा पठाइएको छ भने ललितपुरका प्रजिअ सुमन घिमिरेलाई सोही विभागमा ल्याइएको छ । रुपन्देही, कैलाली, नवलपरासी, महोत्तरी, दोलखा, पर्सा, उदयपुर, डडेलधुरा, लमजुङ, बाँके, बर्दिया, जुम्ला, अर्घाखाँची, रौतहट, कपिलवस्तु, सिन्धुली, अछाम, गुल्मी, सुनसरी, ललितपुर, भक्तपुर, मोरङ, झापा, काभ्रे, बारा, धनकुटा, धनुषा, मकवानपुर, गोरखा, सर्लाही र सिरहाका प्रजिअको सुरुवा गरिएको मन्त्रालयको सूचनामा उल्लेख छ ।

# स्वर्ण पदक विजेता नेपाली सैनिक टोली सम्मानित

झापा(प्रस) । संयुक्त अधिराज्य बेलायतमा सम्पन्न अन्तर्राष्ट्रिय सैनिक अभ्यास 'क्याम्ब्रियन प्यारोल अभ्यास-२०२५' मा सर्वोत्कृष्ट अङ्कसहित स्वर्ण पदक जित्ने नेपाली सेनाको टोलीलाई सम्मान गरिएको छ।

प्रधानसेनापति अशोक राज सिग्देलले आइतबार जङ्गी अड्डामा आयोजित विशेष समारोहबीच विजेता टोलीलाई 'प्रधानसेनापति प्रशंसा निशान' प्रदान गरेका हुन् । अन्तर्राष्ट्रिय स्तरको सैनिक प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्दै नेपाल र नेपाली सेनाको गौरव उच्च बनाएको योगदानको कदरस्वरूप नौ जना प्रतियोगी र एक जना व्यवस्थापक सहित दश जना सकलदर्जालाई सम्मान गरिएको नेपाली सेनाले जनाएको छ।

कार्यक्रममा नेपाली सेनाका रथीवृन्द, अधिकृत, पदिक तथा अन्य दर्जाका अधिकारीहरूको उपस्थिति थियो। गत असोज १७ देखि २६ गतेसम्म बेलायतको वेल्सस्थित ब्रेकन क्षेत्रमा आयोजित सो अभ्यासमा ३३ राष्ट्रका ११७ टोली सहभागी भएका थिए। नेपाली सेनाको टोलीले चुनौतीपूर्ण सैन्य अभ्यासका सबै विधामा उत्कृष्ट प्रदर्शन गर्दै स्वर्ण पदक हासिल गरेको थियो।

नेपाली सेनाका अनुसार, यो उपलब्धिले अन्तर्राष्ट्रिय स्तरमा नेपाली सेनाको पेशागत दक्षता, अनुशासन र साहसिक क्षमताको उच्च प्रदर्शन गरेको प्रमाणित गरेको छ।

# कृषि समिति हलबाट राष्ट्रियसभा सञ्चालनको पूर्वतयारी

झापा(प्रस) ।सिंहदरबार परिसरमा बनिरहेको नयाँ संसद् भवन पुससम्म बनिनसकेमा प्रतिनिधिसभा अन्तर्गतको कृषि सहकारी तथा प्राकृतिक स्रोत समितिको हलबाट चलाउने पूर्वतयारी संघीय संसद् सचिवालयले सुरु गरेको छ ।

नयाँ वानेश्वरस्थित संसद् भवन जेनजी आन्दोलनका क्रममा आगजनी गरेर ध्वस्त बनाइएपछि राष्ट्रियसभा सञ्चालन कहाँबाट गर्ने भनेर स्थानको खोजीमा सचिवालय लागेको हो ।

सचिवालयका प्रवक्ता एकराम गिरीले राष्ट्रियसभा सञ्चालनका लागि अब दुई विकल्प रहेको बताए । 'स्थायी सभाका रूपमा रहेको राष्ट्रियसभा सञ्चालनका लागि हामीसँग दुई विकल्प छन् । एउटा सिंहदरबार परिसरमा बन्न लागेको नयाँ संसद् भवन, यदी त्यो भवन समयमा बन्न सकेन भने तत्कालका लागि वैकल्पिक स्थान,' प्रवक्ता गिरीले भने, 'नयाँ संसद् भवन बन्ने नबन्ने यकिन नभएकाले तत्कालका लागि न्यूनतम पूर्वाधारसहित सञ्चालन गर्न कृषि सहकारी तथा प्राकृतिक स्रोत समितिको हलबारे पूर्वतयारी थालेका छौँ ।'

नयाँ वानेश्वरमा संसद् भवन नहुँदासम्म राष्ट्रियसभा बैठक त्यही हलबाट चलाइन्थ्यो । प्रवक्ता गिरीले विकल्पका रूपमा तयार पार्ने की भनेर पूर्वतयारीमा मात्रै सचिवालय लागेको बताए ।

राष्ट्रियसभाको अधिवेशन अन्त्य भएको ६ महिनाभित्र अर्को अधिवेशन बोलाइसक्नु पर्ने कानुनी व्यवस्था छ । गत भदौ ३१ गते अघिल्लो अधिवेशन स्थगित भएकाले



फागुनसम्म सरकारले अधिवेशन बोलाउनै पर्ने हुन्छ । त्यो भन्दा अगाडि नै सरकारले अधिवेशन बोलायो भने कहाँबाट सञ्चालन गर्ने भनेर सचिवालय न्यूनतम पूर्वाधारसहित कृषि समितिको हललाई तयार पार्ने पूर्वतयारीमा लागेको हो ।

जेनजी आन्दोलनपछि गत भदौ २७ गते प्रतिनिधिसभा विघटन गरेर आगामी फागुन २१ गतेका लागि नयाँ निर्वाचन तोकिएको छ । त्यो भन्दा अगाडि ५९ सदस्यीय राष्ट्रियसभा बैठक सरकारले बोलाइहालेमा कहाँ बसाल्ने भनेर आफूहरू पूर्वतयारीमा लागेको गिरीले बताए ।

आफूहरूको पहिलो प्राथमिकता सिंहदरबार परिसरमा निर्माणाधीन नयाँ संसद भवन भएको तर त्यो बनिनसकेकाले बढी उपयुक्त कृषि समितिको हल नै हुने देखेर गिरीले बताए ।

सचिवालयले विकल्पका रूपमा २०७२ सालको भूकम्पले क्षतिग्रस्त सिंहदरबार परिसरमा रहेको पुरानो प्रतिनिधिसभा भवन पनि प्रबलीकरणको काम गरिरहेको छ ।

न्यूनतम खर्चमा युट्युबमा लाइभ गर्न सकिने र दर्शकहरूलाई अवलोकन गराउन सक्नेगरी प्राविधिक तथा भौतिक पूर्वाधार कसरी तयार पार्ने भन्नेबारे सचिवालय छलफल रहेको गिरीको भनाइ छ । नयाँ संसद भवन बनेपछि सार्न मिल्नेगरी कृषि समितिको हललाई तयार कसरी पार्ने भन्ने विषयमा सचिवालयले छलफल थालेको हो ।

राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहालले प्रधानमन्त्री सुशीला कार्कीसँग राष्ट्रियसभा बैठक कहाँ बस्ने भन्ने विषयमा तिहार अघि छलफल गरेका थिए ।

नयाँ संसद् बनाइसक्ने सम्झौता आगामी पुस १६ गतेसम्म छ । त्यो सम्झौताभित्र भवन निर्माण सम्पन्न गरेर ठेकेदार कम्पनीले बुझाएमा त्यतैबाट चलाउने नबुझाएमा तत्कालका लागि कृषि समिति हललाई तयार पार्ने सचिवालयको पूर्वतयारी छ ।



कपुरी मोटोकर्प प्रा.लि.
बिर्तामोड,झापा सम्पर्क: ०२३५३०४५२,९८०२६००५१९,९८०२६००५३१

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# निर्वाचन नै निर्विकल्प

सुशीला कार्की नेतृत्वको सरकार गठन भएको करिव दुई महिना हुन लागिसकेको छ। यसबीचमा सरकारले गति समातेर अघि बढिसक्नुपर्ने भए पनि अल्मलिएको हो कि झैं देखिन्छ। जेन–जी आन्दोलनको बलमा गठित सरकार नयाँ आशा हो। सबैका आँखा नयाँ सरकारका नयाँ कदममै छन्। त्यसैले यसले गन्तव्य पुग्ने यात्राका पाइला दह्रोसँग चाल्नै पर्छ। मूल रूपमा भ्रष्टाचार नियन्त्रणको माग थियो जेन–जी आन्दोलनको। यसकारण पनि कार्की सरकारले त्यसका लागि आवश्यक कदम चाल्नुपर्छ। कम्तीमा भ्रष्टाचारका ठूला माछाहरू समातिऊन्, मुद्दाहरू चलून् र भ्रष्टाचार हुन नसक्ने थिति यसले बसालोस् भन्ने जनचाहना थियो, छ।

फागुन २१ गतेका लागि निर्धारित आमनिर्वाचन त झन् यो सरकारको प्राथमिकता नै हो। प्राथमिकताका आधारमा प्रधानमन्त्री कार्की स्वयं चुनावका मूल सरोकारवाला दलहरूसँग संवादमा हुनुपर्छ। त्यसो त दलहरूका लागि पनि चुनावबारे आधिकारिक निर्णय गरेर अघि बढ्न पनि ढिला भइसकेको छ। कतिपय संसद् विघटनको पक्षमा देखिसकेका छन् भने कतिपय अलमलमै छन्। अल्मलिएका दललाई पनि चुनाव केन्द्रित गर्नु सरकारको दायित्व हो। दण्डहीनताको अन्त्य यो सरकारको अर्को अभिभारा हो। सरकारले सबैभन्दा पहिला जेन–जी आन्दोलनका नाममा राज्यको सम्पत्ति खरानी बनाउनेहरूलाई कारबाहीको दायरामा ल्याएर सुरुआत गर्नुपर्छ। हुनत प्रधानमन्त्री नियुक्त लगत्तै कार्कीले सिंहदरबार जलाउनेहरू नेपाली हुन सक्दैनन् भनेकी थिइन्। तर तिनहरूको खोजी र अनुसन्धानलाई पनि सरकारले बढाउन भने सकेको छैन। परिचालन गर्नुपर्ने प्रहरीको मनोबल उठाउने कदम पनि सरकारले चाल्न ढिलो भइसकेको छ।

सरकारले अबका दिनमा भ्रष्टाचार अन्त्य, सुशासन र दण्डहीनता अन्त्यका लागि पाइला चाल्नुपर्छ। सरकारले सबै पक्षलाई सन्तुलित बनाएर लैजान सक्नुपर्छ। सरकारका कदमहरूमा प्रतिशोधको गन्ध भने कहीँकतै झल्किनु हुँदैन। चुनावको वातावरण पनि नबिथोलिने गरी सरकारले दण्डहीनता विरोधी कदम चाल्नुपर्छ। फागुन २१ निर्वाचन आयोगले निर्वाचन गराउने कुरा प्राविधिक हो। मूल कुरा त यो सरकारकै जिम्मेवारी हो, वातावरण बनाउने, शान्ति सुरक्षा कायम गर्ने र निष्पक्षताको विश्वास दिलाउने। मुलुकको संक्रमणकालको अन्त्यका लागि निर्वाचन नै निर्विकल्प देखिन्छ। तर त्यसैको वातावरण बनाउनपट्टि सरकार लाग्नुको विकल्प पनि देखिँदैन।

किनकि निर्वाचन नगर्ने हो भने मुलुक फेरि अँध्यारो सुरुङमा प्रवेश गर्छ मुलुक। अराजकता र बेथिति मौलाउँछ। न्यायाधीशका रूपमा सुशीला कार्कीले आर्जन गरेको व्यक्तिगत स्वच्छ छविमात्रै होइन, मुलुकै अन्तर्राष्ट्रिय छवि धुमिलिन्छ। त्यसैले पनि सरकारले मुख्य कार्यभार निर्वाचन गराएर राष्ट्रिय छविलाई उज्यालो बनाउनुमै सबैको भलाइ छ।




# शिशु विकासको पवित्र उद्देश्य



• धनसूदन चौलागाईं

विकासात्मक मनोविद्का अनुसार मानिसको मस्तिष्क विकासका दृष्टिले तीन वर्षसम्मको उमेर उर्वर र मह□वपूर्ण मानिन्छ । यो उमेर व्यक्तित्व विकासको आधार हो । नेपालमा चार वर्ष पूरा नभएका बालबालिकाका लागि शिशु विकास वा स्याहार केन्द्रमा राखी सर्वाङ्गीण विकासका क्रियाकलाप गराउन सकिने नीतिगत व्यवस्था रहेको छ । नीतिगत व्यवस्था र विद्यमान अभ्यासबिच सङ्गति देखिँदैन । शिशु विकास/स्याहारसम्बन्धी नीतिगत व्यवस्था, कार्यान्वयन अवस्था र सुधारका सम्भाव्य उपायबारे बहस गर्नु जरुरी भएको छ ।

नेपालको संविधानले बालबालिकाको हकलाई मौलिक हकको रूपमा अङ्गीकार गरेको छ । प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकास र प्रारम्भिक बालविकासको हक हुने उल्लेख छ । शिक्षा ऐन, २०२८ ले शिशु विकास केन्द्रको स्थापना र सञ्चालनबारे सङ्केतसम्म गरेको छ ।

शिक्षा नियमावली, २०५९ मा चार वर्ष पूरा नभएका बालबालिकालाई शारीरिक, मानसिक वा बौद्धिक शिक्षा दिनका लागि शिशुविकास केन्द्र स्थापना गर्न सकिने व्यवस्था छ । शिशु विकास केन्द्रका लागि आवश्यक न्यूनतम भौतिक पूर्वाधार, जनशक्ति र बाह्य वातावरण बारे उल्लेख हुनुका साथै अनुदान र पाठ्यक्रमबारे पनि उल्लेख छ ।

राष्ट्रिय शिक्षा नीति, २०७६ मा बालविकास तथा स्याहार केन्द्रसम्बन्धी विस्तृत प्रावधान छन् । नीतिमा नेपाल सरकारले तोकेको सर्त र मापदण्ड अनुरूप स्थानीय तहको अनुमति वा स्वीकृतिमा बाल विकास तथा स्याहार केन्द्रको व्यवस्थापन गरी बाल विकास कार्यक्रम सञ्चालन गर्ने नीति रहेको छ । बाल विकास तथा स्याहार केन्द्रमा बालबालिकाको सुरक्षा, पोषण, खेल (सामग्री र स्थान), शयनस्थल, भवन, कक्षाकोठालगायतका आवश्यक भौतिक पूर्वाधार, बालस्याहार तथा सिकाइ सहजीकरण गर्ने जनशक्तिको योग्यता र सिकाइ सहजीकरण प्रक्रियासँग सम्बन्धित विभिन्न पक्षको राष्ट्रिय मापदण्ड निर्माण गरी कार्यान्वयन गर्ने र बाल विकास तथा स्याहार केन्द्रको स्थापना र सञ्चालन गर्ने व्यवस्था मिलाइने उल्लेख छ । प्रत्येक वडा वा टोलमा बालबालिकालाई खेल्ने र मनोरञ्जन गर्ने सामग्रीसहितको बाल उद्यानको व्यवस्था गरिने नीति छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ मा चार वर्ष उमेरभन्दा मुनिका बालबालिकालाई शिशु विकास केन्द्रबाट शारीरिक, मानसिक वा बौद्धिक, संवेगात्मक र सामाजिक विकास तथा स्याहारका क्रियाकलाप सञ्चालन गर्न सकिने उल्लेख छ ।

उल्लिखित नीतिगत व्यवस्था हेर्दा चार वर्षभन्दा मुनिका बालबालिकाको सर्वाङ्गीण विकास, पोषण, सुरक्षा र स्याहारका लागि शिशु विकास वा स्याहार केन्द्र स्थापना र सञ्चालन गर्न सकिने प्रावधान रहेको देखिन्छ । यस्ता केन्द्रमा बालबालिकाको सर्वाङ्गीण विकासका क्रियाकलाप सञ्चालनका लागि आवश्यक सिकाइ तथा बाहिरी र भित्री खेल सामग्रीको व्यवस्था हुन्छ । ती सामग्रीकै माध्यमबाट बालबालिकालाई विभिन्न क्रियाकलापमा सरिक गराई उनीहरूलाई भाषा, गणित, विज्ञान, सामाजिक र वातावरणीय पक्षको अवधारणा दिइन्छ । पढ्ने र लेख्ने कार्य गराइँदैन । विशुद्ध विकास र स्याहारका क्रियाकलाप सञ्चालन गरिन्छ । सहजकर्ताका लागि मापदण्ड/क्रियाकलाप सञ्चालन पुस्तिका हुने भए पनि बालबालिकाको लागि पाठ्यपुस्तक हुँदैन । यससम्बन्धी उन्नत प्रणाली रहेका जापान, फिनल्यान्ड र अन्य युरोपेली मुलुकमा छ वर्षदेखि मात्र पढाइ लेखाइका क्रियाकलापमा संलग्न गराउने व्यवस्था छ ।

नेपालमा शिशु विकास र स्याहार केन्द्रको स्थापना र सञ्चालनसम्बन्धी नीतिगत व्यवस्था र कार्यान्वयनबिच मेल खाँदैन । शिशु विकास र स्याहार केन्द्रको स्थापना र सञ्चालनसम्बन्धी उल्लिखित व्यवस्था अनुसार कार्यान्वयन तहका लागि आवश्यक न्यूनतम भौतिक पूर्वाधार, सिकाइ सामग्री, स्वास्थ्य र पोषणको उपयुक्त व्यवस्था, शयनस्थल, सहजकर्ताको योग्यता र तालिम तथा सहयोगीको सम्बन्धमा स्पष्ट मार्गदर्शन हुने गरी राष्ट्रिय स्तरको मापदण्डको निर्माण हालसम्म पनि हुन सकेको छैन ।

पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत पाठ्यक्रम प्रयोग गर्नुपर्ने व्यवस्था भए पनि हाल आएर एउटा सहयोगी पुस्तिका निर्माण त गरिएको छ तर यसको कार्यान्वयन तहसम्म प्रबोधीकरण र यससम्बन्धी तालिमको व्यवस्था हुन सकेको छैन । शिशु विकास र स्याहारको कार्य अन्तरसम्बन्धित विषय भएको हुँदा शिक्षा, स्वास्थ्य र बालबालिकासम्बन्धी विषय हेर्ने मन्त्रालयसँग यसको कार्यक्षेत्र प्रत्यक्ष रूपमा सम्बन्धित हुन्छ । नीति, योजना र कार्यक्रमको निर्माण तथा बजेट विनियोजन र कार्यक्रम सञ्चालनमा समन्वयको अभाव देखिन्छ । शिशु विकास तथा स्याहारका क्षेत्रमा सरकारी क्षेत्रबाट पर्याप्त लगानी हुन सकेको छैन ।

निजी लगानीमा विभिन्न नाममा खुलेका पूर्वप्राथमिक प्रकृतिका अधिकांश कक्षामा दुई साढे दुई वर्षकै उमेरका बालबालिका भर्ना गरेर पढाउने, घोकाउने, कण्ठ गराउने र यस्तै प्रकृतिका गृहकार्य दिएर बालबालिकालाई किताबी ज्ञानमा केन्द्रित गर्ने कार्य हुँदै आएको पाइन्छ । पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत नभएका पाठ्यपुस्तकको बर्सौंदेखि स्वच्छन्द ढङ्गले प्रयोग हुँदै आएको पाइन्छ । हाल आएर नेपाल सरकारबाट अनुदानप्राप्त गर्ने सार्वजनिक विद्यालयले समेत नर्सरी, एलकेजी र युकेजी नामका कक्षा सञ्चालन र त्यस्ता पाठ्यपुस्तकबाट पठनपाठन गर्ने गरेको पाइन्छ । यसबाट बालबालिकाको प्रारम्भिक बालविकासको हक र अन्तरनिहित प्रतिभा एवं व्यक्तित्व विकासको सम्भावना कुण्ठित हुनुका साथै सर्वाङ्गीण विकास अवरुद्ध हुने र अभिभावकमा अनावश्यक आर्थिक भार पर्ने हुन्छ ।

व्यक्तित्व विकास र गुणस्तरीय शिक्षाका दृष्टिले आधारशिलाको रूपमा रहेको चार वर्षसम्मको उमेरका बालबालिकालाई सर्वाङ्गीण विकासका क्रियाकलापमा अधिकाधिक सहभागी हुने अवसर दिनु पर्छ । यसका लागि शिशु विकास तथा स्याहार केन्द्रको स्थापना र सञ्चालनसम्बन्धी राष्ट्रिय मापदण्डको निर्माण गरी स्थानीय तहलाई सहजीकरण गर्नु पर्छ । शिशु विकास तथा स्याहार अन्तरसम्बन्धित विषय भएकाले यसको व्यवस्थापन एकीकृत प्रारम्भिक बालविकासको अवधारणा अनुरूप हुनु पर्छ । सिकाइ र विकासको दृष्टिबाट शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट भएका व्यवस्था र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट भएका स्वास्थ्य र पोषणसम्बन्धी कार्यक्रम तथा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट सञ्चालन भइरहेका बालकल्याण तथा बाल अधिकारसम्बन्धी कार्यक्रमबिच प्रभावकारी समन्वय हुनु पर्छ ।

शिशु विकास केन्द्रमा बालबालिकाको पोषण, स्वास्थ्य र सरसफाइको अवस्थामा सुधार गर्न र सिकाइ तथा विकासका क्रियाकलाप सञ्चालन गर्न दक्ष र तालिम प्राप्त सहजकर्ता र एउटा सहयोगीको व्यवस्था गर्नु पर्छ । तत्काल सहजकर्ताका लागि प्रमाणीकरण तालिमको व्यवस्था र दीर्घकालीन रूपमा शिशु विकास र स्याहारसम्बन्धी विषय उच्च शिक्षाको पाठ्यक्रममा समावेश गरी यससम्बन्धी दक्ष जनशक्ति तयार गर्नु पर्छ । चार वर्ष उमेर पूरा नभएका बालबालिका भर्ना गरी सञ्चालन गरिएका विभिन्न नामका कक्षामा राष्ट्रिय मापदण्डले निर्धारण गरेका न्यूनतम भौतिक पूर्वाधारको व्यवस्था, खेलमैदान र खेल सामग्री, सफा र शुद्ध पिउने पानी, सरसफाइ सामग्रीसहितको शौचालय, शयनस्थल, खेल तथा सिकाइ सामग्रीको व्यवस्था गर्न लगाई सर्वाङ्गीण विकासका क्रियाकलाप सञ्चालन गर्ने व्यवस्था गर्नु पर्छ । शिशु विकास तथा स्याहार केन्द्रको सञ्चालनमा प्रदेश, स्थानीय तह र गैरसरकारी क्षेत्रबाट लागत साझेदारी र अभिभावकको सचेतना अभिवृद्धि गर्नु पर्छ ।

नयाँ स्थापना गरिने शिशु विकास तथा स्याहार केन्द्रमा आवश्यक पूर्वाधार र तालिम प्राप्त जनशक्तिको व्यवस्था भएपछि मात्र सञ्चालन अनुमति दिने व्यवस्था गर्नु पर्छ । स्थानीय तहका शिक्षा सम्बद्ध कर्मचारीका लागि राष्ट्रिय मापदण्डको अभिमुखीकरण र क्षमता विकासका कार्यक्रम सञ्चालन गरी अनुगमन र नियमन प्रभावकारी बनाउनु पर्छ । शिशु विकास तथा स्याहार केन्द्रमा पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत सिकाइ सामग्री मात्र प्रयोग र सिकाइ तथा विकासका क्रियाकलाप सञ्चालन गर्ने व्यवस्था गर्नु पर्छ ।

अन्त्यमा चार वर्षभन्दा कम उमेरका बालबालिकालाई मनोरञ्जनात्मक क्रियाकलाप र खेलका माध्यमबाट सिकाइ र विकासको अवसर दिनु पर्छ । घोकाउने, कण्ठ गराउने र यस्तै प्रकृतिका गृहकार्य दिने विद्यमान अभ्यासले बालबालिकाको सिर्जनशीलता, अन्तरनिहित प्रतिभा र सम्भावनालाई कुण्ठित गर्छ । शिशु विकास वा स्याहार केन्द्रसम्बन्धी नीतिगत व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन र यसमा सरकारी क्षेत्रबाट पर्याप्त लगानी गर्नु पर्छ ।

# नैतिक पुनर्जागरणको अभ्यास



• कृष्णहरि बास्कोटा

मुलुकमा सुशासन र भ्रष्टाचार नियन्त्रणबारेका आवाज बुलन्द भइरहेका छन् । जेनजी आन्दोलनले यसलाई ऐतिहासिक मोडमा पुऱ्याएको अनुभूति गरिएको छ । एक प्रकारले पुरानो संरचना, चलनचल्ती र प्रशासनिक ढाँचामा जबरजस्त परिवर्तनको शङ्खघोष भएको छ । नयाँपुस्ताको सोच, मूल्यमान्यता र प्रश्नले अहम् स्थान ग्रहण गरेको छ । विशेष गरी नयाँ पुस्ताले समाजमा विद्यमान असमानता, भ्रष्टाचार र गैरजवाफदेहीपन प्रति कठोर असन्तुष्टि व्यक्त गरेका छन् । सुशासन प्रवर्धन र भ्रष्टाचार नियन्त्रण केवल राजनीतिक नारामा मात्रै सीमित नभई यो राज्यको अस्तित्व र विश्वासको प्रश्नका रूपमा खडा भएको छ ।

सुशासनको मर्म पारदर्शिता, जवाफदेहिता र विधिमा आधारित प्रशासन सञ्चालनार्थ नीति निर्माण गर्नु मात्रै होइन नागरिकप्रतिको सेवाभाव र राज्यप्रतिको विश्वास कायम राख्नु पनि हो । यसका लागि जनताको सहभागितासहितको सरकार सञ्चालनमा उद्यत रहनु पर्छ । हाम्रो प्रशासनयन्त्र यस पक्षमा कमजोर प्रतीत हुन्छ । हामीकहाँ राम्रो नीति बन्छ तर कार्यान्वयन पक्ष अपेक्षाकृत दह्रो हुँदैन । सेवा प्रवाहका लागि गठित कार्यालयमा नागरिक समाजको प्रतिनिधित्वसहित निर्देशक समिति गठन गरिँदैन । जसको कारण सेवा प्रवाहको जस पाउन सकिँदैन । यसै गरी 'हेल्पडेक्स' मा स्थानीय कलेजका विद्यार्थीलाई इन्टर्नको रूपमा खटाउन नसक्दा सेवाको बजारीकरण हुँदैन । जनताले सरकारी सेवा प्रवाहप्रति अपनत्व भाव प्रकट नगर्दा आमसेवाग्राहीमा सुशासनको अनुभूति गराउन सकिँदैन । यस विषयमा आमसेवा प्रवाह गर्ने निकाय संवेदनशील हुन जरुरी छ ।

सुशासनका लागि सबै सरकारी निकाय सेवा प्रवाहमैत्री मानसिकताबाट उत्प्रेरित हुनु पर्छ । सबै निकायले आफूलाई सेवाप्रदायक निकायका रूपमा परिचित गराउन पुनर्संरचनसहित हरसम्भव प्रयास गर्नु पर्छ । युवापुस्ता प्राविधिक रूपमा दक्ष छन् । उनीहरू सूचना प्रविधिको युगमा हुर्किइरहेका छन् । उनीहरू सजग र संवेदनशील पनि छन् । उनीहरू भ्रष्टाचार र ढिलासुस्तीप्रति कठोर छन् । सामाजिक सञ्जालमार्फत सरकारी कमीकमजोरी उजागर गर्न उद्धत् छन् । उनीहरू नयाँ राजनीतिक परिवेश मात्रै होइन, नैतिक र सामाजिक जागरणको पनि शङ्खघोष गरिरहेका छन् । यसलाई सकारात्मक रूपमा ग्रहण गरी सुधारका पक्षमा उभिनु हामी सबैका लागि हितकर हुन्छ ।

भ्रष्टाचारलाई केवल आर्थिक अपचलन वा आर्थिक अनियमितताका रूपमा मात्रै लिन मिल्दैन । यो नैतिक पतन र प्रणालीगत कमजोरीको पराकाष्ठा पनि हो । नीतिगत सुधारका लागि हरेक निकायमा भ्रष्टाचारविरुद्धको सशक्त सेल गठन गर्नु पर्छ । भ्रष्टाचारविरुद्धका सरोकारवाला क्षेत्रसँग सम्बन्धित नागरिक समाजका अगुवालाई पनि समावेश गर्नु पर्छ । यो भ्रष्टाचारविरुद्धको निरोधात्मक उपाय पनि हो । नीति निर्माणमा स्वार्थको द्वन्द्वसम्बन्धी स्वःघोषणामा सबै पदाधिकारीले अनिवार्य हस्ताक्षर गरी नीतिगत भ्रष्टाचारलाई शून्यमा झार्नु पर्छ । ठुला आयोजनाको खरिद प्रक्रियामा विद्युतीय अनुगमन तथा मूल्याङ्कन तथा लेखापरीक्षण प्रणाली लागु गर्नु पर्छ ।

सुशासन अभिवृद्धि र भ्रष्टाचार नियन्त्रण गर्ने नेतृत्व तहमा रहने कर्मचारीले नै हो । 'राइट म्यान इन राइट प्लेस' का लागि नेतृत्व पहिचान केन्द्र खडा गर्नु पर्छ । कर्मचारीको सरुवा, बढुवा, पदस्थापन, पुरस्कारलगायतमा योग्यता प्रणालीको मापदण्डको अनुसरण गर्नु पर्छ । भ्रष्टाचार नियन्त्रणका लागि आन्तरिक नियन्त्रण प्रणाली बलियो हुनु पर्छ । सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण र सार्वजनिक परीक्षणलाई कडाइका साथ कार्यान्वयनमा ल्याउनु पर्छ । हरेक निकायको ठाडो र तेर्सो उत्तरदायित्व ('भर्टिकल एन्ड होरिजेन्टल' एकाउन्टाविलिटी) स्पष्ट रूपमा किटानी गरिनु पर्छ । विधिको शासनका लागि आन्तरिक कार्यसञ्चालन कार्यविधि र कर्मचारी प्रशासन सञ्चालन कार्यविधि निर्माण गरी सोको प्रभावकारी कार्यान्वयन गर्नु पर्छ ।

भ्रष्टाचार नियन्त्रणका लागि सामाजिक परिवेशमा परिवर्तन ल्याउन जरुरी छ । हालको जस्तो टोल विकास संस्था, उपभोक्ता समूह, लाभग्राही समूह स्वयम् नै कालो सूचीमा रहेका ठेकेदारको मतियार हुने प्रणालीमा आमूल सुधार गर्नु पर्छ । कर, भन्सार, मालपोत, यातायात कार्यालय, वैदेशिक रोजगार कार्यालयलगायतमा भ्रष्टाचार हुन्छ भन्ने थाहा भएरै त्यहाँ कार्यरत कर्मचारीलाई छोरीको विवाहका लागि प्रस्ताव राख्न उत्सुक अभिभावकको 'माइन्डसेट' मा सुधार ल्याउने कार्यक्रम सञ्चालन गर्नु पर्छ । हरेक सरकारी कर्मचारीले उच्च नैतिकताको शपथग्रहण गरी सोही अनुसार व्यवहार गर्नु पर्छ । कार्यस्थलमा कर्मचारी र सेवाग्राहीलाई एकै ठाउँमा राखी नियमित सदाचार र नैतिकताको प्रशिक्षण दिनु पर्छ । भ्रष्टाचारीको खेदो खन्न लगाइएको मेहनत सदाचारमा अडिग कर्मचारीलाई पुरस्कृत गर्न पनि खर्चिनु पर्छ ।

प्रविधिको प्रयोगले सुशासन प्रवर्धन गर्नुका साथै भ्रष्टाचार नियन्त्रण गर्ने कुरा अनुभवले प्रमाणित गरेको छ । प्रविधिको अधिकतम उपयोग गरी डिजिटल सुशासनको मार्गमा अग्रसर हुनु पर्छ । डिजिटल प्रविधिले सुशासनलाई बलियो बनाउन सक्ने सबैभन्दा प्रभावशाली औजार हो । यसर्थ इगभर्नेन्स, अनलाइन ग्रिभान्स ह्यान्डलिङ सिस्टम, डिजिटल पेमेन्ट, ट्रान्सपरेन्ट प्रोक्रुरमेन्ट प्रोसेसमा छिट्टै प्रवेश गर्नु पर्छ । यस्ता प्रणालीले एकातिर भ्रष्टाचार घटाउँछ भने अर्कोतिर नागरिकको भरोसा बढाउँछ । नेपालमा यी प्रविधि नभित्रिएका होइनन् तर अपेक्षाकृत रूपमा यिनको कार्यान्वयनमा दृढता पाइएको छैन । जसको कारण अब यो प्रणाली राष्ट्रिय स्तरमा एकीकृत डिजिटल सुशासन प्लेटफर्मका रूपमा विकसित हुन जरुरी छ ।

सुशासन अभिवृद्धि र भ्रष्टाचार नियन्त्रणका लागि नेतृत्वको भूमिका रोलमोडल (एक्जाम्पल फ्रम दी टप) हुनु पर्छ । उच्च तहको नेतृत्वले निर्णयमा पारदर्शिता कायम गर्नु पर्छ । यसका लागि सामूहिक रूपमा निर्णय गर्ने र सामूहिक रूपमै उत्तरदायित्व वहन गर्ने प्रणालीको विकास गर्नु पर्छ । सार्वजनिक आलोचना, टिप्पणी, गुनासो सुन्न सक्ने क्षमताको विकास गर्नु पर्छ । यस्ता आलोचनासमेतलाई आत्मसात् गरी काम गर्दा गल्ती कम हुन्छ । आमजनतासँग नियमित संवादमा रहनु पर्छ । यसका लागि हेलो पिएम, हेलो सिएम, हेलो मेयर वा हेलो अध्यक्ष कार्यक्रमलाई घनीभूत रूपमा सञ्चालनमा ल्याउनु पर्छ । हरेक काम परिणाममुखी हुनु पर्छ । यसका लागि अनावश्यक खर्च नियन्त्रण, टुक्रे योजनाको निर्मूल र लाभग्राही जनतासहितको अनुगमन समिति गठन गर्नु पर्छ ।

भ्रष्टाचार नियन्त्रणमा शून्य सहनशीलताको नीतिलाई कठोरताका साथ कार्यान्वयन गर्नु पर्छ । नागरिकको विश्वासलाई पुनर्स्थापित गर्नु पर्छ । राज्य र नागरिकको सहकार्यको मार्ग प्रवर्धन गर्नु पर्छ । अमेरिकी राष्ट्रपति बाराक ओबामाको 'ओपन गभर्मेन्ट पार्टनरसिप' को अवधारणालाई आत्मसात् गर्नु जरुरी छ । वर्तमान पुस्ताका युवा निराश छैनन्, उनीहरू भविष्यको आशा खोजिरहेका छन् । सरकार सुशासनको माध्यमद्वारा परिवर्तन देखाउन सक्षम हुन्छ भने युवापुस्ता पनि सरकारलाई सघाउन अग्रसर हुनेमा विश्वस्त हुन सकिन्छ । सुशासन प्राप्ति र भ्रष्टाचार नियन्त्रणको एजेन्डा सरकारको एक्लो जिम्मेवारी नभएर यो राज्य र नागरिकबिचको साझेदारी हो भनी बुझ्न ढिला गर्नु हुँदैन । सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार गरी तिनै तहमा नागरिक निगरानी समूह गठन गर्न जरुरी छ । आमनागरिकले हरेक सेवा प्राप्तिमा 'सिटिजन रिपोर्ट कार्ड' भर्ने अर्थात् 'एक्जिट पोल' लाई सुधारको प्रस्थान विन्दु मान्नु पर्छ । मूल कुरो नागरिक र सरकारबिचको दुरी घटाउनु पर्छ ।

नेपालको सुशासनको यात्रा अझै अधुरो छ । यो अधुरोपनलाई अवसरको रूपमा लिई सुधारको दिशामा अघि बढ्नु पर्छ । यसका लागि नयाँ पुस्ताको सोच, प्रविधिको शक्ति र पुराना अनुभवी 'ब्युरोक्र्याट्स' को ज्ञान र सिपलाई मिलाएर नयाँ प्रशासनिक संस्कार निर्माण गर्नु पर्छ । यस अतिरिक्त भ्रष्टाचारविरुद्धको लडाइँ केवल कानुनी होइन नैतिक पुनर्जागरणको अभियान पनि हो । अब यसको नेतृत्व उच्च तहको राजनीतिक र प्रशासनिक पदाधिकारीबाट मन, वचन र कर्मले इमानदारीपूर्वक समाल्नु समयको माग हो । यसरी नयाँपुस्ताको परिवर्तनको स्वरलाई व्यवहारमा रूपान्तरित गर्ने ऐतिहासिक मौका गुमाउन नहुने सन्देश प्रवाह गर्नु पर्छ ।

सुशासनका लागि शीघ्र संघीय निजमती सेवा ऐन जारी गर्नु पर्छ । यसलाई नागरिक सेवा ऐनको नामकरण गरिनु पर्छ । बेलायतको नागरिक वडापत्रबाट क्षतिपूर्तिसहितको नागरिक वडापत्र जारी गर्ने प्रतिबद्धता खोजिइनु पर्छ । सम्भव भएसम्मका सेवालाई 'वान उइन्डो सिस्टम' अर्थात् 'डेक्स सिस्टम' का ढाल्नु पर्छ । स्विडेनबाट 'स्ट्रिट ब्युरोक्रेसी र न्युजिल्यान्डबाट 'कन्ट्याक्ट म्यानेजमेन्ट थेउरी' अनुसरण गर्नु पर्छ । यसै गरी अजरबैजानमा लागु गरिएको ' गभर्मेन्ट इन योर पकेट' कार्यक्रम र जर्मनीबाट

❖ बाँकी तेस्रो पृष्ठमा

# अर्थमन्त्रीलाई स्थानीय सरकारको ११ बुँदे ध्यानाकर्षण

झापा(प्रस) ।स्थानीय सरकारहरूको संघको रूपमा रहेको गाउँपालिका राष्ट्रिय महासंघ नेपाल र नेपाल नगरपालिका संघले संयुक्त रूपमा अर्थमन्त्री रामेश्वर खनाललाई आइतबार ध्यानाकर्षण गराएका छन् ।



ध्यानाकर्षण पत्रमा जेनजी आन्दोलनका नाममा जनप्रतिनिधिमाथि भइरहेका दबाब, आगजनी, तोडफोड, चोरीजस्ता गतिविधिहरूको रोकथाम गरी शान्ति-सुरक्षा कायम गर्न तथा दोषीलाई कानुनी कारबाहीको दायरामा ल्याउन माग गरिएको छ ।

स्थानीय सरकारहरूलाई मितव्ययी कदम चाल्न, अस्थायी/करार कर्मचारी र सल्लाहकार कटौती गर्न, अनावश्यक भ्रमण घटाउन र नीति-कार्यक्रम पुनःप्राथमिकीकरण गर्न संघ/महासंघले गरेको अनुरोधलाई पुनः स्मरण गराएको छ ।

संघीय संसद्ले स्वीकृत गरेका समानीकरण, सशर्त, विशेष र समपूरक अनुदानका कार्यक्रमहरू कटौती नगर्न र ३ करोडभन्दा कमका आयोजनाहरूको कटौतीसम्बन्धी निर्णयबारे स्पष्ट जानकारी उपलब्ध गराउन पनि अनुरोध गरिएको छ ।

तीन तहका सरकारबिचको समन्वय र स्वायत्तताको सम्मानका लागि अन्तरसरकारी वित्त परिषद्को बैठक शीघ्र आव्हान गर्न अनुरोध गरेको छ । पालिकाहरूले निमित्त प्रमुख प्रशासकीय अधिकृत हटाउने अघिल्लो निर्णयको स्वागत गर्दै, खटाइएका कर्मचारी कार्यस्थलमा नपुगेकाले निर्णय कार्यान्वयनमा कडाइ गर्न र अनुभवी/वरिष्ठ जनशक्ति खटाउन ध्यानाकर्षण गराएको छ ।

# देशको व्यापार घाटा ३ महिनामा ४ खर्ब




झापा(प्रस) ।चालु आर्थिक वर्षको तीन महिना (साउन-असोज) मा आयात १९ प्रतिशतले बढेको छ भने निर्यात ८९.६४ प्रतिशतले बढेको छ । भन्सार विभागले आइतबार सार्वजनिक गरेको २०८२ असोज मसान्तसम्मको तथ्यांकअनुसार निर्यातको हिस्सा भारी मात्रामा बढे पनि देशको व्यापार घाटा करिब ४ खर्ब पुगेको छ ।

भन्सार विभागका अनुसार अघिल्लो वर्ष ३ खर्ब ५२ अर्ब ३७ करोड रुपैयाँ व्यापार घाटा रहेकोमा १२.१८ प्रतिशतले बढेर ३ खर्ब ९५ अर्ब ३० करोड रुपैयाँ बराबर व्यापार घाटा पुगेको छ ।

चालु वर्षको तीन महिनाको अवधिमा ५ खर्ब ४० अर्ब ८६ करोड रुपैयाँ बराबरको वैदेशिक व्यापार भएको छ । जसमध्ये ४ खर्ब ६८ अर्ब ८ करोड रुपैयाँको आयात भएको छ भने ७२ अर्ब ७८ करोड रुपैयाँ बराबरको निर्यात भएको छ ।

अघिल्लो वर्षको यसै अवधिमा ४ खर्ब २९ अर्ब १३ करोड रुपैयाँ बराबरको वैदेशिक व्यापार भएको थियो । यसमध्ये आयात ३ खर्ब ९० अर्ब ७५ करोड रुपैयाँ बराबरको आयात भएको थियो भने ३८ अर्ब ३७ करोड रुपैयाँको निर्यात भएको थियो ।

# दमकमा आगलागी हुँदा लाखौंको क्षति

झापा(प्रस) । झापाको दमकमा आगलागी हुँदा एक घर जलेर नष्ट भएको छ । आइतवार दिउँसो ४:३० बजे दमक -८ अर्गानिक कृषि भवन छेउ बस्ने रविन खडकाको टिनको छानो , सेन्टर बेरा गरेको दुईतले टाँडे घरको पछाडीको कोठाबाट बिद्युत सर्ट भई आगलागी भएको हो । आगलागीबाट उक्त घर पूर्णरुपले जलेर नष्ट भएको छ भने घरभित्र राखेको सम्पूर्ण सरसामान, लत्ताकपडा , भाँडावर्तन, अन्नपात, काठपात, फर्निचरका सामान, गरगहना जलेको प्रहरीले जनाएको छ । आगलागीबाट भएको क्षति तत्काल यकिन गर्न सकिएको छैन । उक्त आगो स्थानीयबासी, इप्रका



दमकबाट खटिएको प्रहरी टोली, उर्लाबारी नगरपालिकाको दमकल, कमल गाउँपालिकाको दमकलको सहयोगमा साँझ ५: ५० बजे पूर्णरुपमा नियन्त्रणमा आएको थियो ।

# सिजनको सुरुमै अन्तु–कन्याममा पर्यटकको ओइरो

झापा(प्रस) । पर्यटकीय सिजनको सुरुमै इलामका चर्चित पर्यटकीय स्थल अन्तु र कन्याममा पर्यटकको ओइरो लाग्न थालेको छ । गत असोज १८ गतेको बाढीपहिरोपछि केहि समय सुनसान भएका अन्तु कन्याममा मौसम खुलेसँगै आन्तरिक तथा बाह्य पर्यटकको ओइरो लाग्न थालेको हो ।

बाढीपहिरोले क्षति गरेका सडकलगायतका संरचना मर्मत तथा पुनर्निर्माण गरिएसँगै अन्तु कन्याममा



दैनिक हजारौँ पर्यटक आउन थालेको अन्तु पर्यटन व्यवसायी सङ्घका अध्यक्ष रुद्र घिमिरेले जानकारी दिए ।

जेनजी आन्दोलन र बाढीपहिरोपछि भारतीय पर्यटकको चहलपहल घटेको अन्तु कन्याममा अहिले भारतीय पर्यटकले खचाखच बन्न थालेका छन् । अन्तु पर्यटन व्यवसायी संघका अध्यक्ष घिमिरेले अन्तुमा भएका होटल, होमस्टे र कटेजमा पर्यटक नअटेपछि गाउँका घरमा समेत पर्यटक राखिएको जानकारी दिए । अध्यक्ष घिमिरेले भने, "मौसम खुलेसँगै अन्तुबाट सूर्योदयको दृश्यावलोकन गर्ने पर्यटकको घुइँचो लागेको छ ।"

इलाममा बाढी पहिरोको त्रासका कारण भारतीय पर्यटक आउन छोडेका थिए । तर कन्याम अन्तु पर्यटकका लागि सुरक्षित रहेको पाएपछि पर्यटकको संख्या ह्वात्तै बढेको छ । अहिले अन्तुमा मात्र स्वदेशी तथा विदेशी गरी दैनिक पाँच हजारभन्दा बढि पर्यटक भित्रिने गरेका छन् । कात्तिक र मंसिर महिना अन्तुबाट सूर्योदयको दृश्यावलोकन गर्ने सिजन हो । बिहानको झिसमिसेमै सूर्योदयको दृश्यावलोकन गर्ने पर्यटकले अन्तुडाँडा खचाखच बन्न थालेको छ ।

अन्तुमा झुल्के हेर्न, अन्तु पोखरीमा डुङ्गा सयर गर्न, विभिन्न जातीय पोसाकमा सजिएर घोडचढी गर्न र चियाबारीको दृश्यावलोकनका लागि पर्यटक आउने गरेका छन् । अन्तुमा बाह्रै महिना पर्यटकको भीड लाग्ने गर्दछ ।

कन्याममा पनि पर्यटकको चाप बढेको छ । "कन्याम बाढीपहिरोपछि प्रायः सुनसान थियो, अहिले आन्तरिक पर्यटकले भरिभराउ भएको छ ।" होटल व्यवसायी टेकराज गिरिले भने । कन्याममा चियाबारीमा रमाउन, वनभोज गर्न, जातीय पोसाकमा सजिएर घोडचढी गर्न र चियाको अध्ययन ,अनुसन्धानका लागि पर्यटक आउने गरेका छन् । स्वदेशी तथा भारतीय पर्यटकको रोजाइमा परेको कन्याममा पनि भारतीय पर्यटकको समेत चहलपहल सुरु भएको छ ।

सूर्योदय नगरपालिकाका नगर प्रमुख रणबहादुर राईले बाढीपहिरोपछि पनि कन्याम अन्तुसहित सूर्योदयका पर्यटकीय स्थल पर्यटकका लागि सुरक्षित रहेको जानकारी दिए । नगरले बाढीपहिरोबाट क्षति भएका ८७ वटा सडक सञ्चालनमा ल्याइसकेको छ ।

# पुनः डन्डी उत्पादन गर्दै आरती

झापा(प्रस) । मोरङको बुढीगङ्गामा रहेको आरती स्ट्रिप्सले तीन वर्षअघि बन्द गरेको फलामे डन्डी (टिएमटी) को पुनः उत्पादन थाल्ने भएको छ । भारतीय लगानीमा सञ्चालित आरतीले सन् २०२६ को सुरुबाटै टिएमटी डन्डी बजारमा ल्याउने गरी काम अगाडि बढाएको जनाएको छ । उद्योगले अबको १८ महिनाभित्रै आफ्नै अत्याधुनिक मेल्टिङ युनिट पनि सञ्चालनमा




ल्याउने तयारी गरेको जनाएको छ ।

सरकारी नीतिमा भएको परिवर्तनसँगै सुनसरी-मोरङ औद्योगिक कोरिडोरमा एकै पटक तीन वटा नयाँ मेल्टिङ युनिटसहितका स्टिल उद्योग आएपछि तीन वर्षअघि आरती स्ट्रिप्सले आफ्नो टिएमटी डन्डी उत्पादन युनिट बन्द गरेको थियो ।

त्यसबेला मेल्टिङ प्लान्ट र बिलेटमा आधारित उत्पादनबिचमा मूल्यान्तर हुँदा बिलेटमा आधारित उद्योगहरूले प्रतिस्पर्धा गर्न नसक्ने अवस्था बनेको थियो । त्यसै बेला आरतीले आफ्नो उत्पादन स्थगित गरेको थियो ।

पछिल्लो बजेटले बिलेटमा आधारित उद्योगलाई पनि प्रतिस्पर्धी बनाउने नीति लिएका कारण आरतीले तत्काल बिलेटमा आधारित उत्पादन सुरु गर्ने र दीर्घकालमा अर्थात् १८ महिनाभित्र स्पन्ज मेल्टिङ प्लान्ट सञ्चालन गर्ने नीति अगाडि सारेको उद्योग सञ्चालक विशाल गुप्ताले जानकारी दिए । उनका अनुसार आरतीमा इटलीबाट ल्याइएको अत्याधुनिक टिएमटी उत्पादन मेसिनबाट उत्पादन गर्ने छ । उनले सन् २०२७ भित्र मेल्टिङ युनिट पनि सञ्चालनमा ल्याउने जानकारी दिए ।

सन् २००२ देखि कर्कटपाता उत्पादन गर्दै आएको आरती स्ट्रिप्सले सिआर सिट र स्क्वायर पाइप पनि उत्पादन गर्छ । गत आवमा उद्योगले १८ अर्ब ५० करोडको कारोबार गरेको थियो जसमध्ये नौ अर्ब ९४ करोडको निर्यात र आठ अर्ब ४७ करोडको देशभित्र बिक्री गरेको थियो ।

# बैदेशिक रोजगार ठगीको आरोपमा पक्राउ

झापा(प्रस) । बैदेशिक रोजगार ठगी गरेको आरोपमा झापा मेचीनगरका एक व्यक्ति पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा मेचीनगर - ६ काँकरभिट्टा बस्ने ४३ वर्षीय मिलनकुमार राई रहेका छन् । बैदेशिक रोजगार बिभाग ताहाचल काठमाण्डौको गत असोज २३ गतेको पत्र अनुसार बैदेशिक रोजगार ठगी मुद्धामा राईलाई गत सोमवार पक्राउ गरिएको थियो ।

उनलाई पक्राउ गरी इलाका प्रहरी कार्यालय काँकरभिट्टामा राखिएकोमा थप आवश्यक कारवाहीको लागि शनिवार बैदेशिक रोजगार बिभाग ताहाचल काठमाण्डौ पठाइएको छ ।

## नैतिक...

पब्लिक बोनस सिस्टमलाई बरो गर्न सकिन्छ । हाम्रो प्रयत्न बिचौलियारहित सेवा प्रवाहतर्फ उन्मुख हुनु पर्छ । प्रत्येक मन्त्रालयमा निरन्तर सुधारका लागि शासकीय सुधार एकाइ खडा गर्नु पर्छ । तिनै तहका सरकारबाट सम्पादित हुने सेवा प्रवाहमा न्यूनतम मापदण्ड र एकरूपता कायम गरिनु पर्छ । काम गर्दा त्रुटि भएमा दण्ड हुने व्यवस्था छ । कामै नगरी बस्ने वा निर्णय नै नगर्ने पदधिकारीलाई पनि तत्कालै कारबाहीको दायरामा ल्याउने कानुनी प्रबन्ध गर्नु पर्छ । आदर्श सरकारी कार्यालयको खाका निर्माण गरी देशव्यापी रूपमा कार्यान्वयनमा ल्याउनु पर्छ । यस खाकाभित्र निजी क्षेत्र, सहकारी क्षेत्र, गैरसरकारी क्षेत्रलगायतलाई पनि समेट्नु पर्छ । लोक सेवा आयोगको भूमिकालाई विस्तार गर्नु पर्छ । सामान्य प्रशासन मन्त्रालयले 'एडमिनिस्ट्रेटिभ अडिट' को कामलाई प्रभावकारी रूपमा अघि बढाई नतिजामा आधारित मुलुकी प्रशासनको सुनिश्चितता प्रदान गर्नु पर्छ । यसरी, सुशासन प्रवर्धन र भ्रष्टाचार नियन्त्रणको पुनित कार्यमा सबै नेपालीको साथ र सहयोग रहनेमा विश्वस्त हुन सकिन्छ ।

## मेची...

आयोजक लागिरहेको जनाइएको छ ।

पूजास्थलका लागि नेपाल भारतका सुरक्षाकर्मीले संयुक्त गस्ती गर्ने छन् भने विभिन्न सामाजिक संघ संस्थाले मेलामा सहभागी भक्तजनका लागि निःशुल्क पानी तथा चियाको व्यवस्था गर्ने जनाएका छन् ।

पछिल्ला वर्षहरुमा भद्रपुर तथा भारतको गलगलियाका स्थानीयले यस पर्वलाई समावेशी साझा पर्वको रूपमा लिने गरेको समेत पाइएको छ । चार दिनसम्म मनाइने छठ पर्वमा पहिलो दिन र दोश्रो दिन सरसफाई तथा शुद्धताको काम गर्ने गरिन्छ भने तेस्रो दिन बेलुका अस्ताउँदो सूर्यलाई अर्घ्य दिएर पूजाको औपचारिक सुरूवात गर्ने र चौथो दिन विहान उदाउदो सूर्यलार्य अर्घ्य चढाएपछि सम्पन्न गर्ने गरिन्छ । यो पर्वमा जनसहभागिताको हिसावले नेपालको जनकपुरपछिको दोस्रो स्थान भद्रपुरले लिने गरेको मैथिल समाजका अगुवा विकास गुप्ताले जानकारी दिए । उनका अनुसार भद्रपुरको पूजा अवलोकन गर्न नेपाल भारतका गरी ५० हजार बढी भक्तजन आउने गरेका छन् ।सहज अवलोकन र व्यवस्थित मण्डपका लागि पूजाको व्यवस्थापनलाई सहज बनाउन एक साता अघिदेखि नै आयोजकले तयारी तीव्र गतिमा अगाडि बढाइरहेको जनाइएको छ । नेपालका मात्र नभएर भारतको विहार तथा बंगाल राज्यका व्रतालु भक्तजनहरू यसै नदीमा छठ पर्व मनाउँदै आएकाले भद्रपुरको छठ पूजाको छुटै विशेषता रहने गरेको छ । पूजा अवलोकन गर्न भद्रपुरमा हजारौ भक्तजनहरुको घुइँचो लाग्ने गरेको छ ।

यसको व्यवस्थापनका लागि मैथिली समाज भद्रपुर आयोजकको रूपमा रहने गरेको छ भने भद्रपुर नगरपालिका संरक्षक तथा विभिन्न सामाजिक संघ संस्था तथा राजनीतिक दलहरू सहयोगी निकायका रूपमा रहने गरेका छन् । दुवै देशका व्रतालु भक्तजनहरुले मेची नदीमा आएर आ-आफनो पूजास्थल बनाउने काम तीव्र बनाएका छन् । कतिपय भक्तजनले पूजास्थलमा व्यापारीकरण भएको गुनासो समेत गर्ने गरेका छन् । उनीहरूका अनुसार पूजाका लागि मण्डप निर्माणको बहानामा आयोजक संस्थाले महँगो भाडा असुल्ने गरेको छ । झापामा मेची नदीको अलावा निन्दा, हडिया, देउनिया, बिरिङ, कन्काई , अन्धुवालगायतमा मण्डप निर्माण गरी भव्य रूपमा छठ पूजा गर्ने गरिएको छ ।

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

**राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।**
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

**वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :**

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे :<br>९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## आजको राशिफल

**मेष:** भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

**वृष:** भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

**मिथुन:** रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

**कर्कट:** मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

**सिंह:** दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

**कन्या:** आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

**तुला:** सामान हराउने वा चोरी हुने सम्भावना छ ।

**वृश्चिक:** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु:** आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर:** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

**कुम्भ:** कला र गसाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मिन:** सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ